प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 08, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# आठराई गाउँपालिका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन

**पूर्णकुमारी रोका***

**सार**

प्रस्तुत लेख आठराई गाउँपालिकाको शैक्षिक वर्ष २०७९/०८० मा कक्षा १० मा अध्ययनरत ९ ओटा माध्यमिक विद्यालयका ५० जना (७ ओटा विद्यालयका ६ जनाका दरले ४२ जना र २ ओटा विद्यालयका ४ जनाका दरले ८ जना गरी जम्मा ५०) प्रतिनिधि विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गरिएको छ । यसको उद्देश्य समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता प्रतिशताङ्क, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको पहिचान गरिएको छ । नमुना सङ्कलनमा क्षेत्रीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी प्रस्तुत लेख तयार पारिएको छ । जम्मा १० पूर्णाङ्कको 'हाम्रो आठराई' शीर्षकको प्रश्न तयार गरी विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाइ उनीहरूले तयार पारेको निबन्धको उत्तर पुस्तिका परीक्षण गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । निबन्ध लेखनमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा सात श्रेणीमा विभाजन गरी विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाइ प्रतिशताङ्कमा श्रेणीको निर्धारण गरी गणना गरिएको छ । तथ्याङ्क विश्लेषण गर्ने सबै विद्यार्थीहरूको औसत प्रतिशत निकालिएको छ । तथ्याङ्क विश्लेषण गर्दा ५० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको औसत ६० प्रतिशत रहेको देखिन्छ । यसमा औसत ५४ प्रतिशत विद्यार्थीहरूले ६० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेका छन् । समग्रमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ । लौङ्गिकताका आधारमा तथ्याङ्क विश्लेषण गर्दा छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता छात्रा विद्यार्थीहरूको तुलनामा १५.७१ प्रतिशत बढी देखिएकोले छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध

* नेपाली शिक्षण विभाग, तेह्रथुम बहुमुखी क्याम्पस, इमेलः purnimachhetri46@gmail.com

लेखन क्षमता विमातृभाषी विद्यार्थीहरूको तुलनामा ३७.३ प्रतिशतले उच्च देखिएकाले विमातृ भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ ।

***शब्द कुञ्जी* :** तुलना, मातृभाषी, वस्तुपरक, क्षमता, भाषाशैली

## १. विषय परिचय

भाषा विचार आदनप्रदान गर्नका लागि प्रभावकारी माध्यम हो । भाषाको माध्यमबाट मानिसहरूले एकआपसमा आफ्ना भावना वा विचार आदान प्रदान गर्दछन् । मानिस सामाजिक प्राणी भएकाले भाषा सामाजिक सर्म्पक गर्न, दैनिक जीवन निर्वाह गर्न तथा विभिन्न ज्ञान आर्जनका कुराहरू गर्न प्रयोग हुँदै आएको हुन्छ । एकातिर मान्छेले घर परिवार तथा छिमेकीसँगको सर्म्पकबाट त्यस समाजमा प्रचलित भाषा स्वतः प्राप्त गर्दै जान्छ, अर्कोतिर औपचारिक शिक्षाबाट यसको आर्जन गर्न सक्छ (अधिकारी, २०७१ पृ. १) । त्यसै अनुरूप माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ ले कक्षा ९-१० का सक्षमताहरू ११ ओटा तोकेको छ । कक्षा ९र १० को नेपाली विषयमा नेपाली भाषाको पाठ्क्रम भाषिक सिपगत सक्षमतामा आधारित छ । भाषिक सक्षमतालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी भाषिक सिपगत सक्षमतामा वितरण गरिएको छ । भाषिक सिपका चारवटा सिपमध्ये लेखाइ सिपसँग सम्बन्धित २१ वटा उद्देश्य निर्धारण गरिएको छ । निबन्ध लेखन साहित्यिक विधा हो । यसमा विचारको प्रधानतालाई जोड दिइन्छ । भाषिक सक्षमताका आधारमा आठराई गाउँपालिका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता प्रतिशताङ्क, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा तुलनात्मक अध्ययन गरिएको छ । आठराई गाउँपालिकामा रहेका ९ वटा सामुदायिक विद्यालयका कक्षा १० मा अध्ययनरत ७ ओटा विद्यालयबाट ६ जनाका दरले ४२ जना र २ ओटा विद्यालयबाट ४ जनाका दरले ८ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनौट गरिएको छ । प्रतिनिधि ५० जना विद्यार्थीहरूको लेख्य रूपमा निबन्ध लेखन क्षमता परीक्षणसँग मात्र सीमित रही अध्ययन गरिएको छ ।

## २. निबन्धको सैद्धान्तिक आधार

निबन्ध संस्कृत तत्सम् शब्दबाट आएको हो । संस्कृतको मूल धातु 'बन्ध' मा 'नि' उपसर्ग लागेर निबन्ध शब्दको निर्माण भएको हो । निबन्धको पुरानो अर्थ 'बाध्नु', 'रोक्नु' र 'सङ्ग्रह' गर्नु भन्ने बुझिन्थ्यो भने कालान्तरमा यसको अर्थ विस्तार भएर गद्य साहित्यको एउटा विधाको रूपमा प्रयोग हुन थालेको छ ( ढकाल, २०७८ः पृ.१) । नि+बन्ध+धञ्(अं) मिलेर बनेको निबन्ध शब्दको व्यूत्पत्तिमूलक अर्थ 'राम्ररी बाध्ने' काम भन्ने बुझिन्छ । 'निबन्ध' शब्दको व्यूत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवनजगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण ढङ्गमा गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई जनाउँछ (भण्डारी र अन्य २०६४,पृ. २९७) । लेख्य भाषाका पद्य र गद्य स्वरूपमध्ये गद्य स्वरूपमा लेखिने आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेद अन्तर्गत पर्ने आधुनिक साहित्यिक विद्या हो । निबन्ध आत्मपरक र वस्तुपरक दुबै प्रकृतिका हुन्छन् । आत्मपरकमा 'जस्तो लाग्छ' र वस्तुपरकमा 'जस्तो छ' को अभिव्यक्तिमा निबन्धलाई प्रस्तुत गरिन्छ । कुनै एक पक्षमा केन्द्रित भएर सुरूमा अभ्यासिक र पछि गएर स्वतस्फूर्त पनि हुने रमाइलो र छोटो गद्य विधा निबन्ध हो ।

नेपाली निबन्धले आफ्नो पृष्ठभूमि निर्माण नेपाली भाषाका प्रारम्भिक अभिलेख, शिलापत्र आदिका नमुनासँगै तयार पारेको हो । यसले कुनै विषयका बारेमा आफ्ना मनमा उत्पन्न भावना, धारणा, सोचाइ

आदिलाई शृङ्खलाबद्ध ढङ्गले लखिएको गद्यमय अभिव्यक्तिलाई बुझाएको छ । निबन्धलाई वर्तमान समयमा सर्वाधिक सशक्त गद्यात्मक श्रव्य रचनाका रूपमा लिन थालिएको छ । आत्मपरक र वस्तुपरक दुबै निबन्धहरू तत्वगत आधारमा विषयवस्तु, उद्देश्य र भाषाशैलीलाई आधार बनाएर लेख्ने गरिन्छ ।

लेखाइ सिप विकासमा विभिन्न क्रियाकलापहरू मध्ये निबन्ध लेखन एक महत्वपूर्ण क्रियाकलाप हो । बालबालिकाहरूलाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित विषय छनौट गरी निबन्ध लेख्न लगाइ लेखन सिप विकास गराउन सकिन्छ । लेखन कलाको विकास गराउन निबन्ध लेखन उत्कृष्ट क्रियाकलाप मानिन्छ । निबन्ध लेखनमा भाषिक शुद्धता सम्बन्धि सम्पूर्ण नियमहरू समावेश गरिनुका साथै स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यासहरू समेत गराउन सकिन्छ । निबन्ध लेखनमा वर्णविन्यासगत, व्याकरणगत, शब्दभण्डारणगत, वाक्य गठन विषयवस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइ सम्बन्धी सम्पूर्ण नियमहरू समावेश भएका हुन्छन् र विद्यार्थीहरूका सम्पूर्ण धाराणात्मक, प्रयोगात्मक, संज्ञानात्मक विकास गराउन निबन्ध लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्ने गर्दछ ।

## ३. अध्ययन विधि

आठराई गाउँपालिका भित्रका ९ ओटा माध्यमिक विद्यालयलाई छनौट गरी १० पूर्णाङ्क र २० मिनेट समय तोकी हाम्रो आठराई शीर्षक दिएर शैक्षिक वर्ष २०७९/०८० मा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको स्वतन्त्र लेखन गराइएको छ । ७ ओटा विद्यालयका ६ जनाका दरले ४२ जना र २ ओटा विद्यालयका ४ जनाका दरले ८ जना गरी जम्मा ५० जना विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनौट गरिएको छ । सङ्कलन गरिएका नमुनाका आधारमा प्राप्त निबन्ध लेखनको उत्तरपुस्तिकामा अङ्कित गरिएको प्राप्ताङ्कलाई समग्र विद्यार्थीको प्रतिशताङ्क, भाषिक पृष्ठभूमि र लिङ्गका आधारमा वर्गीकरण गरी तालिकाबद्ध गरिएको छ । तथ्याङ्कको विश्लेषण गर्नका लागि सम्पूर्ण विद्यार्थीहरूको औसत प्रतिशत गणना गरियो । निबन्ध लेखनमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा सात श्रेणीमा विभाजन गरी विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्कमा श्रेणीको निर्धारण गरी त्यसको गणना गरिएको छ, साथै निबन्ध लेखन क्षमताको स्थिति अवलोकन गरिएको छ । यस अध्ययनमा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा निबन्ध लेखन क्षमताको पहिचान गरिएको छ ।

## ४.तथ्याङ्क विश्लेषण

प्रस्तुत लेख आठराई गाउँपालिका शैक्षिक वर्ष २०७९/०८० मा कक्षा १० मा अध्ययनरत (७ ओटा विद्यालयका ६ जनाका दरले ४२ जना र २ ओटा विद्यालयका ४ जनाका दरले ८ जना गरी जम्मा ५०) प्रतिनिधि ५० विद्यार्थीहरूलाई स्वतन्त्र लेखन गराइ विद्यार्थीहरूबाट प्राप्त उत्तरपुस्तिकालाई समग्र विद्यार्थीहरूको प्रतिशाङ्क, लैङ्गिकता र भाषिकताका आधारहरू लिएर व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्य अनुरूप सङ्कलन गरेको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशतबाट प्राप्त नतिजाको व्याख्या विश्लेषण पश्चात निष्कर्ष निकाली सोही आधारमा सुझाव समेत प्रस्तुत गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई सात श्रेणीमा विभाजन गरी अध्ययन गरिएको छ ।

## ५. निबन्ध लेखन क्षमताको अध्ययन

**तालिका नं. १**

*विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशताङ्क स्थिति*

| कुल विद्यार्थी | ३०% भन्दा कम | | ३०% देखि ४०% सम्म | | ४०%देखि ५०%सम्म | | ५०%देखि ६०% सम्म | | ६०% देखि ७०% सम्म | | ७०%देखि ८०% सम्म | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| | १ | २ | ० | ० | ८ | १६ | १४ | २८ | १२ | २४ | ९ | १८ | ६ | १२ |

माथिको तालिकाअनुसार आठराई गाउँपालिकामा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि सङ्ख्याका रूपमा छनोट गरिएका कुल ५० जनालाई उनीहरूले प्राप्त गरेको प्रतिशतका आधारमा सात समूहमा विभाजन गरी अध्ययन गरिएको छ । जसअनुसार ३० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २ प्रतिशत देखिन्छ । ३० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । त्यस्तैगरी ४० प्रतिशत भन्दामाथि र ५० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ प्रतिशत रहेको देखिन्छ । ५० प्रतिशत भन्दामाथि र ६० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ प्रतिशत रहेको पाइन्छ । ६० प्रतिशत भन्दामाथि र ७० प्रतिशत भन्दा कम लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ । ७० प्रतिशत भन्दा माथि र ८० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १८ प्रतिशत पाइन्छ । प्रस्तुत अध्ययनमा उच्चतम् श्रेणीका रूपमा मापन गरिएको ८० प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ प्रतिशत मात्र रहेको देखिन्छ । यस तालिकाको अध्ययनअनुसार आठराई गाउँपालिका भित्रका १० कक्षामा अध्ययनरत ५० जना विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको औसत ६० प्रतिशत रहेको देखिन्छ । यसमा औसत ५४ प्रतिशत विद्यार्थीहरूले ६० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेका छन् । आठराई गाउँपालिकाभित्रका शैक्षिक वर्ष २०७९।०८० मा कक्षा १० मा अध्ययनरत प्रतिनिधि ५० विद्यार्थीका आधारमा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ ।

### ५.२.विद्यार्थीको लैङ्गिक स्थितिका आधार

**तालिका नं. २**

*छात्रा विद्यार्थीको स्थिति*

| कुल विद्यार्थी | ३०% भन्दा कम | | ३०% देखि ४०% सम्म | | ४०%देखि ५०%सम्म | | ५०%देखि ६०% सम्म | | ६०% देखि ७०% सम्म | | ७०%देखि ८०% सम्म | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५० | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| | ० | ० | ० | ० | २ | ७.६९ | ८ | ३०.७६ | ५ | १९.२३ | ७ | २६.९२ | ४ | १५.३८ |

प्रस्तुत तालिकामा नमुना प्रतिनिधि ५० विद्यार्थीहरूमध्येका २६ जना छात्रा विद्यार्थीहरूको चयन गरिएको छ । ३० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । ३० प्रतिशत भन्दा माथि र ४० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दाकम निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या ७.६९ प्रतिशत रहेको देखिन्छ । ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या ३०.७६ प्रतिशत रहेको छ । ६० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या १९.२३ प्रतिशत रहेको देखिन्छ । ७० प्रतिशत भन्दामाथि ८० प्रतिशत भन्दा कम लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या २६.९२ प्रतिशत रहेको पाइन्छ । उच्चतम श्रेणी निर्धारण गरिएको ८० प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका छात्रा विद्यार्थीहरूको सङ्ख्या १५.३८ प्रतिशत रहेको देखिन्छ ।

यस तालिकाको अध्ययनअनुसार आठराई गाउँपालिका भित्रका १० कक्षामा अध्ययनरत प्रतिनिधि ५० जना विद्यार्थीहरूमध्ये २६ जना छात्रा विद्यार्थीहरूले 'हाम्रो आठराई' शीर्षकको निबन्ध लेखनमा सहभागीहरू मध्येबाट ६० प्रतिशत भन्दा बढी अङ्क १६ जना छात्राले प्राप्त रहेको गरेको देखिन्छ । यसमा १६ जना छात्राले औसत ६० प्रतिशत भन्दा बढी ६१.५३ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

**तालिका नं. ३**

*छात्र विद्यार्थीको स्थिति*

| **कुल विद्यार्थी** | **३०% भन्दा कम** | | **३०% देखि ४०% सम्म** | | **४०%देखि ५०%सम्म** | | **५०%देखि ६०% सम्म** | | **६०% देखि ७०% सम्म** | | **७०%देखि ८०% सम्म** | | **८०% भन्दा माथि** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** |
| | **१** | ४.१६ | **०** | **०** | **६** | **२५** | **६** | **२५** | **७** | २९.१६ | **२** | **८.३३** | २ | ८.३३ |

उपर्युक्त तालिकाअनुसार कुल ५० जना विद्यार्थी सङ्ख्यामध्ये २४ छात्र विद्यार्थीहरूको नमुना प्रतिनिधिको रूपमा चयन गरिएको छ । यहाँ ३० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या ४.१६ प्रतिशत रहेको पाइन्छ । ३० प्रतिशत भन्दामाथि र ४० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । त्यस्तै ४० प्रतिशत भन्दामाथि र ५० प्रतिशत भन्दाकम निबन्ध लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत रहेको पाइन्छ । ५० प्रतिशत भन्दामाथि र ६० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने छात्र विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या २९.१६ प्रतिशत रहेको देखिन्छ । ७० प्रतिशत भन्दामाथि ८० प्रतिशत भन्दा कम लेखन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या ८.३३ प्रतिशत रहेको पाइन्छ । उच्चतम श्रेणी ८० प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८.३३ प्रतिशत रहेको देखिन्छ ।

यस तालिकाको अध्ययनअनुसार आठराई गाउँपालिका भित्रका १० कक्षामा अध्ययनरत प्रतिनिधि ५० जना विद्यार्थीहरूमध्ये २४ जना छात्र विद्यार्थीहरूले 'हाम्रो आठराई' शीर्षकको निबन्ध लेखनमा सहभागीहरूमध्येबाट ६० प्रतिशत भन्दा बढी अङ्क १५ जना छात्रले प्राप्त रहेको गरेको देखिन्छ । यसमा १५ जना छात्रले औसत ६० प्रतिशत भन्दा बढी ४५.८२ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

यस अनुरूप के पुष्टि हुन आउँछ भने आठराई गाउँपालिकाका कक्षा १० मा पढ्ने छात्र विद्यार्थीको निबन्ध लेखन क्षमता छात्रा विद्यार्थीहरूको तुलनामा १५.७१ प्रतिशत छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ ।

**५.३.भाषिकताका आधारमा**

**तालिका नं. ४**

*मातृभाषी विद्यार्थीको स्थिति*

| कुल विद्यार्थी | ३०% भन्दा कम | | ३०% देखि ४०% सम्म | | ४०%देखि ५०%सम्म | | ५०%देखि ६०% सम्म | | ६०% देखि ७०% सम्म | | ७०%देखि ८०% सम्म | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** |
| २३ | **०** | **०** | **०** | **०** | **०** | **०** | **६** | **२६.०८** | **६** | **२६.०८** | **६** | **२६.०८** | **५** | **२१.७३** |

माथिको तालिकामा जम्मा नमुना विद्यार्थी सङ्ख्या ५० मध्येबाट २३ जना नेपाली मातृभाषी विद्यार्थीहरू देखिइएका छन् । उक्त तालिकाअनुसार ३० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका नेपाली मातृ भाषी विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । ३० प्रतिशत भन्दा माथि र ४० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका मातृभाषी विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको देखिन्छ । ४० प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने मातृभाषी विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको पाइन्छ भने ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २६.०८ प्रतिशत रहेको पाइन्छ । ६० प्रतिशत भन्दा माथि र ७० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २६.०८ प्रतिशत रहेको देखिन्छ । ७० प्रतिशत भन्दा माथि ८० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २६.०८ प्रतिशत रहेको देखिन्छ । उच्चतम् मापन ८० प्रतिशत भन्दा माथि निबन्ध लेखन क्षमता भएका मातृभाषी विद्यार्थीहरूको सङ्ख्या २१.७३ प्रतिशत मात्र देखिन्छ

यस तालिकाको अध्ययनअनुसार आठराई गाउँपालिका भित्रका १० कक्षामा अध्ययनरत ५० जना विद्यार्थीहरूमध्ये २३ जना नेपाली मातृभाषी विद्यार्थीहरूले हाम्रो आठराई शीर्षकको निबन्ध लेखनमा सहभागीहरूमध्येबाट ६० प्रतिशत भन्दा बढी अङ्क १७ जना नेपाली मातृभाषी विद्यार्थीहरूले प्राप्त गरेको देखिन्छ । यसमा १७ जना नेपाली मातृभाषी विद्यार्थीहरूले औसत ६० प्रतिशत भन्दा बढी ७३.८९ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

**तालिका नं. ५**

*विमातृभाषी विद्यार्थीहरूको स्थिति*

| कुल विद्यार्थी | ३०% भन्दा कम | | ३०% देखि ४०% सम्म | | ४०%देखि ५०%सम्म | | ५०%देखि ६०% सम्म | | ६०% देखि ७०% सम्म | | ७०%देखि ८०% सम्म | | ८०% भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** | **सङ्ख्या** | **%** |
| | ० | ० | ० | ० | ० | ० | ६ | २६.०८ | ६ | २६.०८ | ६ | २६.०८ | ५ | २१.७३ |

माथिको तालिकामा जम्मा प्रतिनिधि नमुना विद्यार्थी सङ्ख्या ५०जना विद्यार्थीहरू मध्येबाट नेपाली भाषा दोस्रो भाषाको रूपमा रहेका विमातृभाषी २७ जना विद्यार्थीहरूको प्रतिशाङ्क निकालिएको छ । उक्त तालिकाअनुसार ३० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीरूको सङ्ख्या ३.७० प्रतिशत रहेको देखिन्छ । ३० प्रतिशत भन्दा माथि र ४० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या शून्य प्रतिशत रहेको छ । ४० प्रतिशत भन्दा माथि ५० प्रतिशत भन्दा तल प्राप्ताङ्क ल्याउने विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या २९.६२ प्रतिशत रहेको पाइन्छ । ५० प्रतिशत भन्दा माथि र ६० प्रतिशत भन्दा तल निबन्ध लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या २९.६२ प्रतिशत रहेको देखिन्छ, भने ६० प्रतिशत भन्दा माथि ७० प्रतिशत भन्दा कम निबन्ध लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या २२.२२ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ७० प्रतिशत भन्दा बढी ८० प्रतिशत भन्दा कम लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या ११.११ प्रतिशत रहेको छ । उच्चतम् मापन ८० प्रतिशत भन्दामाथि निबन्ध लेखन क्षमता भएका विमातृभाषी विद्यार्थीहरूको सङ्ख्या ३.७० प्रतिशत मापन गरिएको छ ।

यस तालिकाको अध्ययनअनुसार आठराई गाउँपालिका भित्रका १० कक्षामा अध्ययनरत ५० जना प्रतिनिधि विद्यार्थीहरूमध्ये २७ जना विमातृभाषी विद्यार्थीहरूले 'हाम्रो आठराई' शीर्षकको निबन्ध लेखनमा सहभागीहरूमध्येबाट ६० प्रतिशत भन्दा बढी अङ्क १० जना विमातृभाषी विद्यार्थीले प्राप्त गरेको देखिन्छ । यसमा १० जना नेपाली मातृभाषी विद्यार्थीहरूले औसत ६० प्रतिशत भन्दा बढी ३६.५९ प्रतिशत अङ्क प्राप्त गरेका छन् ।

यस अनुरूप के पुष्टि हुन आउँछ भने आठराई गाउँपालिकाका कक्षा १० मा पढ्ने नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता विमातृभाषी विद्यार्थीहरूको तुलनामा ३७.३ प्रतिशतले उच्च रहेकाले विमातृ भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ ।

## ६. निष्कर्ष

आठराई गाउँपालिका शैक्षिक वर्ष २०७९/०८० मा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन शीर्षकको प्रस्तुत लेख क्षेत्रीय अध्ययन पद्धतिसँग सम्बन्धित छ । यस लेखमा आठराई गाउँपालिकाभित्रका कक्षा १० मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूमध्येबाट प्रतिनिधि ७ ओटा विद्यालयका ६जनाका दरले ४२ जना र २ ओटा विद्यालयका ४ जनाका दरले ८ जना गरी जम्मा ९ माध्यमिक विद्यालयका कुल ५० जना प्रतिनिधि विद्यार्थीहरूलाई उद्देश्यमूलक नमुना छनौट गरिएको छ । जम्मा ५० जना विद्यार्थीहरूलाई छनोट गरी तिनीहरूलाई निबन्ध लेख्न लगाएर उत्तरपुस्तिका जाँच

गरी कुल सङ्ख्याको प्रतिशतका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता निर्धारण गरिएको छ । प्रस्तुत लेखमा समग्र विद्याथीको प्रतिशताङ्क, भाषिकता र लैङ्गिकताका आधारमा निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । ५० जना प्रतिनिधि विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको औसत ६० प्रतिशत रहेको देखिन्छ । यसमा औसत ५४ प्रतिशत विद्यार्थीहरूले ६० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेका छन् । माथिको तथ्याङ्क अध्ययन गर्दा समग्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता सन्तोषजनक देखिन्छ । लैङ्गिकताका आधारमा कक्षा १० मा पढ्ने छात्र विद्यार्थीहरूको निबन्ध लेखन क्षमता छात्रा विद्यार्थीहरूको तुलनामा १५.७१ प्रतिशत कमजोर देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा कक्षा १० मा पढ्ने नेपाली मातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता विमातृभाषी विद्यार्थीहरूको तुलनामा ३७.३ प्रतिशतले उच्च रहेकाले विमातृभाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कमजोर देखिन्छ ।

आठराई गाउँपालिकाको शैक्षिक वर्ष २०७९/०८० मा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता नमुना छनौट गरिएका प्रतिनिधि ५० जना विद्यार्थीहरूका आधारमा निबन्ध लेखन क्षमता समग्रमा सन्तोषजनक देखिए तापनि भाषिकता र लैङ्गिकताका आधारमा भने कमजोर देखिन्छ । तसर्थ विद्यार्थीहरूको निबन्ध लेखन सिपको क्षमता विकास गर्नका लागि छात्र विद्यार्थीहरू साथै विमातृभाषी विद्यार्थीहरूलाई कक्षा अभ्यासका साथै कक्षास्तरीय, विद्यालयस्तरीय, अन्तर विद्यालयस्तरीय निबन्ध प्रतियोगिताहरू समय समयमा गराउनु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५७), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* ते.सं., विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, रजनी (२०७८), आधुनिक नेपाली निबन्ध, यात्रासाहित्य र अन्य साहित्य, साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६७), *नेपाली नाटक एकाङ्की र निबन्ध,* एम्.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

भण्डारी, पारसमणि र अन्य (२०६४), *नेपाली गद्य र नाटक*, न्यू हिरा बुक्स ।

पुन, रूपलाल (२०६७), रूकुम जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन (अप्रकाशित शोधपत्र), ने.भा.शि.वि.त्रि.वि, कीर्तिपुर ।

रौल्याल, रणबहादुर (२०६५), कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन (अप्रकाशित शोधपत्र), ने.भा.शि.वि.त्रि.वि, कीर्तिपुर ।